**मुस्लिम महिलामा परिवार नियोजनको आकर्षण**
दीपेन्द्र काफ्ले

बारा जिल्लाको दोहोरी गाविसका मिर्जा आलिन मियाँकी श्रीमती जोरा खातुनले बितेको ११ वर्षअघि परिवार नियोजन गरिन् । श्रीमती खातुनले मुस्लिम धर्मअनुसार जतिसक्दो बढी सन्तान जन्माउनुपर्थ्यो ।
दोहोरी गाविसभित्र मुसलमान जातिको जनसंख्या करिब ६ हजारको हाराहारीमा छ । यहाँका महिलाहरूले घटीमा आठदेखि बढीमा १५ वटासम्म सन्तानलाई जन्म दिने गरेका छन् र यो यहाँको चलनजस्तै भएको छ ।
जोरा खातुनले एक दशकअघि परिवार नियोजन गरेपछि समाजले उनको उछितो काढ्यो । स्थानीय ५३ वर्षका खलिल मियाँले भने( हाम्रो समाजमा महिलाहरूले जतिसक्दो सन्तान जन्माउनुपर्छ । सन्तान जन्मन रोक्न लगाउँदा अल्लाहले राम्रो गर्दैनन् । जोराले त्यसबेला गल्ती गरिन् ।
तर जोरा खातुन भने आफूले शुरुमै परिवार नियोजन गर्दा सन्तानको बढोत्तरीलाई चाहेका बेलामा रोक्न सकिन्छ भनेर कसैले भनिदिएको भए दुई सन्तान जन्मेको लगत्तै परिवार नियोजन गर्थें भन्छिन् । आफूले ढिलै भए पनि राम्रो अवसर पाएकोमा गर्व गर्दै उनी भन्छिन्( हाम्रो धर्मले सन्तान धेरै जन्माउनु त भनेको छैन नि । तर, समाजमा शिक्षितहरू नभएपछि हामी रूढीवादीग्रस्त समाजका शिकार हुन पुगेका हौं ।
दोहोरी गाविसुमा श्रीमती जोरा खातुनले परिवार नियोजन गरेपछि सकारात्मक र नकारात्मक दुवै थरिका प्रतिक्रिया आए । एकथरि कट्टर धर्मसमर्थकहरूले उनलाई अल्लाहले नराम्रो दण्ड देलान् भन्थे भने उनीभन्दा कम उमेरका थोरै सन्तान जन्माउन चाहने महिलाहरू भने उनको नजिक हुने प्रयत्न गर्न थाले । यस विषयमा श्रीमती जोराले भनिन्( आफूले परिवार नियोजन गरिसकेपछिको सामाजिक विद्रोह सहन नसकेपछि मैले आफ्नै बुहारी वेगमी खातुनलाई परिवार नियोजन गर भने । बुहारीले पनि मेरो आग्रह मानेर परिवार नियोजन गरेपछि एकताका हामीलाई धर्मविरोधी भनेर समाजले झण्डै बहिष्कार नै गर्‍यो । तर विस्तारै कुरा काट्नेभन्दा परिवार नियोजनको रहस्य बुझ्ने दिदीबहिनीहरूको संख्या मप्रति आकर्षित भएपछि मलाई गाली गर्नेहरू नै सल्लाह लिन आउन थाले ।
दोहोरी गाविसका पूर्वअध्यक्ष काशिम मियाँ अन्सारीका नौवटी छोरी र एकजना छोरा गरी १० वटा सन्तान छन् । सानो घरमा अटी(नअटी बसेका यी सन्तान, अधिकांशतः दुब्ला(पातला छन् । सबै सन्तानको समान स्याहार पुर्‍याउन नसकेका उनले ४ वर्षअघि आफ्नी श्रीमतीलाई अस्थायी साधन प्रयोग गर्न लगाए । 'मैले श्रीमतीलाई पिल्स चक्की खान नभनेको भए यतिखेरसम्म दुईवटा सन्तान थपिन्थे होला( पूर्वअध्यक्ष अन्सारीले भने ।
दोहोरी टोलमा यतिखेर महिलाहरू लुकीलुकी पिल्स चक्की खान्छन् । पूर्वगाविस अध्यक्ष अन्सारीका अनुसार महिलाहरूले भित्री रूपमा चक्की खान थालेका छन् । यस विषयमा अधिकांश श्रीमान्हरूलाई थाहासमेत हुने गर्दैन । करिब ३ हजार पाँच सयको संख्यामा रहेका यहाँका महिलाहरूमध्ये दुई हजार चार सयको संख्यामा विवाहित छन् । विवाह गरेको लगत्तै सन्तान जन्माउन शुरु गर्ने बाध्यताका शिकार यी मुस्लिम महिला छोराछोरी पाउँदा(पाउँदै चाउरिसकेका छन् । यी महिलाहरू यो पीडाबाट मुक्त हुन खोज्छन् । तर, त्यहाँको कट्टर धार्मिक बोलवालाहरूका कारण २५ वर्षको उमेर नपुग्दै ६/७ वटा सन्तानको बोझ बोक्न विवश यिनीहरू यतिखेर आएर भने विस्तारै सन्तान कम जन्माउने उपायको खोजीतिर लागिरहेका छन् ।
जोराले शुरु गरेको यो कठोर अभियान अन्ततः एक दशकको बीचमा चुलिएरै गएको छ । ६ हजार मुस्लिम जनसंख्याको झण्डै ७० प्रतिशतभन्दा बढी महिला रहेको यो मुस्लिम समुदायमा शैक्षिक चेतना भने हालसम्म पनि शून्यकै स्थितिमा छ । यहाँका महिलाहरूले अहिलेसम्म पनि पढ्न भने पाएका छैनन् ।
दोहोरीमा परिवार नियोजनसम्बन्धी चेतना जागृत भएपछि स्थानीय तैयव मियाँ, कलम दिन, अजिव मियाँ, बक्सिस मियाँ र जलिल मियाँले पनि सन्तान नजन्माउने कुरा सोचे । ३० देखि ४० वर्षको हाराहारीका यी ४ जना मुसलमानले परियार नियोजनका अस्थायी साधनका बारेमा सुन्नुअघि नै सन्तानको संख्या भने घटीमा नौ पुगिसकेको थियो । प्राप्त जानकारीअनुसार तैवय मियाँका ११, कलम दिनका १०, अजिव मियाँका ९, बक्सिस मियाँका ९ तथा जलिल मियाँका ९ वटा सन्तान ४ वर्षअघि नै जन्मिसकेका छन् । सन्तानको बोझले ढाड निहुरिसके तापनि यतिखेर आएर भने उनीहरूलाई पश्चाताप लागेको छ । एघारवटा सन्तान जन्माइसकेपछि पछुताएका तैयव मियाँले भने( अब पछुताउनुबाहेक अन्य कुनै पनि विकल्प छैन, जे हुनु भइसक्यो, अब हुन नदिने सोचिरखेको छु ।
दोहोरी गाउँमा परिवार नियोजनका अस्थायी साधनको लुकीछिपी माग बढेपछि ५ वर्षअघि सरकारले एउटा उपस्वास्थ्य चौकी खोलिदियो । सिटोमोलदेखि कण्डमसम्म नभएको त्यस उपस्वास्थ्य चौकीमा सरकारले मातृ शिशु कार्यकर्ता (मासिका) का रूपमा शारदा तिमिल्सिनालाई पठाएको थियो ।
स्थानीय मुस्लिम महिलालाई परिवार नियोजनका सम्बन्धमा जनचेतना जगाउँदै आएकी शारदाले भनिन्( माथिबाट अस्थायी साधन आउनेबित्तिकै मुस्लिम महिलाहरूलाई बाँढ्ने गरेकी छु । उनीहरू लुकीलुकी भए पनि अस्थायी साधनहरू भने लिएर जान्छन् । यहाँका महिला तथा पुरुष गरी हालसम्म ७ जनाले स्थायी बन्ध्याकरण गरेका छन् । मासिका तिमिल्सिनाले भनिन्( म प्रत्येक महिनाको ८ देखि १० दिनसम्म मुस्लिम समाजमा गएर परिवार नियोजनसम्बन्धी जनचेतना फैलाउँछु । बाँकी दिनमा कार्यालयमा बसेर उनीहरूलाई सम्पर्क गर्छु । स्थानीय उपस्वास्थ्य चौकीका तत्कालीन इन्चार्ज प्रेमचन्द्रप्रसाद जयसवालको अनुभव भने भिन्न छ । महिनाको करिब ६ जना महिलाहरू सम्पर्कमा आउने त्यस उपस्वास्थ्य चौकीमा कुनै दिन पनि काम भने हुँदैन । उनले भने( घरमै गएर १ सय रुपैयाँका साथ अस्थायी साधन दिन थालेपछि यतिखेरसम्म ३५ जना महिलाले तीनमहिने सुई लिन थालेका छन् । मुस्लिमहरूको आधिपत्य रहेको त्यस समाजमा सरकारलाई सन्तानको बृद्धिदर घटाउन

अप्ठेरो परेको छ । अनेक प्रयासका बाबजुद पनि केही महिलाको सहयोगमा यहाँको उपस्वास्थ्य चौकीले महिलाहरूलाई रत्याइरहेको छ ।
स्थानीय महेशपुर गाविस ३ का हनिफ मियाँ अन्सारीकी ५४ वर्षीया श्रीमती सकिना नेसा खातुनले १७ वटा छोरा(छोरी पाइसकेपछि उनले पनि २०५३ सालदेखि अस्थायी साधन प्रयोग गर्दै आएकी छिन् । अस्थायी साधनको चर्चा चलेपछि सकिनाले मात्रै होइन यतिखेर उनीजस्तै दर्जनौं महिलाहरू पनि परिवार नियोजनका अस्थायी साधनप्रति आकर्षित हुँदैछन् ।
यतिखेर दोहोरी उपस्वास्थ्य चौकीबाट सवनाम खातुन, सेरा खातुन, लथिफन खातुन, जैतुन नेसा, प्रेम शिला, जय कुमारी, सरफुन खातुन, धुस्न तारा, रहिमा खातुन, सायदा खातुन, गीता देवी, द्रौपती वानी, सहिरन खातुन, आम्ना खातुन, हुसल वानी, समिना खातुन, ललिता देवी, तेतर खातुन, शोभा देवी, प्रेमिया देवी, प्रेमशागर देवी, सैबुन खातुन, मोफिला खातुन र समसा खातुनलगायतका महिलाहरू अहिले परिवार नियोजन गर्नुपर्छ भन्दै हिंडेका छन् । यी महिलाहरूका कारण यहाँको मुस्लिम समुदाय विस्तारै कम सन्तान जन्माउने प्रचारमा सक्रिय छ । यिनै महिलाहरूले गर्दा यहँको उपस्वास्थ्य चौकीलाई समेत प्रचार(प्रसार गर्न निकै सजिलो भएको छ । स्थानीय रहिमा खातुनले भनिन्( अब हामी रूढीवादी परम्परामा लागेर आफ्नो जिउ बिगार्दैनौं, आफ्नो सुरक्षा आफै गर्छौं ।

**लुकेको संस्कृति : पत्नीब्रता पति**
आयोद धौम्य 'निर्मल'

विवाहबारेमा हाम्रो परम्परागत धारणा र पश्चिमाहरूको धारणा अलिक फरक छ । हाम्रोमा विवाह जीवनपद्धतिको एक अंग हो र यो 'यज्ञकर्म' जस्तै पवित्र मानिन्छ । तर पश्चिमा शैलीको विवाह एउटा सुविधाको सहमित मात्रै हो । प्रष्टै छ, सहमति भन्ने कुरा सहजै तोड्न सकिन्छ, यो नै पश्चिमा शैलीको सम्बन्ध(विच्छेद (पारपाचुके) को जगजगीको कारण हो । यहींनेर के उल्लेख गरौं भने प्राचीन आर्य सभ्यता 'पवित्र विवाह पद्धति' मा वर र वधू विवाहका शुभ(अवसरमा एक(अर्कासँग यस्तो प्रतिज्ञा गर्छन
यदेतद् हृदयं तब तदस्तु हृदयं मम ।
यदेतद् हृदयं मम तदस्तु हृदयं तब ॥
अर्थात्( तिम्रो हृदय मेरो हृदय बनोस् र मेरो यो हृदय तिम्रो हृदय बनोस् ।
नेपाली परम्परामा 'सह धर्म चरतम्' ( उपदेश लिएर नरनारी गृहस्थ जीवन आरम्भ गर्दछन् ।
यस अवधारणाअनुसार नारी र पुरुषमा न पृथक अधिकार छ, न त समान अधिकार नै, यहाँ त सहअधिकार छ ।
अर्को शब्दमा भन्दा भारत वर्षको परम्परामा स्वतन्त्र पत्नी वा स्वतन्त्र पतिको अधिकार होइन दुवैको मिलित अधिकार छ ।
"जायापत्योर्नविभागो दृश्यते । पाणिग्रहणाद्धि सहत्वं कर्मसु तथा पुण्यफलेपु, द्रव्यपरिग्रहेषु च ॥' (मनुस्मृति)
अर्थात्, पत्नी र पतिमा कुनै विभाग वा बँटवारा देखिंदैन । दुवैको सबथोक एक हो । पति जब पाणिग्रहण गर्छ, त्यसैबेलादेखि प्रत्येक कर्ममा दुवैको सहयोग अपेक्षित रहन्छ । यस्तै प्रकारले पुण्यफलमा तथा द्रव्यसंग्रहमा दुवैको सहअधिकार हुन्छ ।
'पतिब्रता पत्नी' ( शायद धेरैपटक दोहोरिइरहने भएर होला( अनौठो लाग्दैन, तर 'पत्नीब्रता पति' शब्दावलीले धेरैलाई अनौठो महसुस हुँदोरहेछ । कति त हाँस्छन् । त के यो हाम्रा लागि नौलो तथा अकल्पनीय कुरा हो ? होइन, होइन । जस्तो कि माथि नै भनियो, हाम्रो विवाहपद्धति यसको असली स्वरूपमा रहँदासम्म पति र पत्नीमा एउटा मालिक र अर्की दासी भन्ठान्ने प्रचलन नै थिएन । पतिले पनि पत्नीब्रता हुनैपर्छ भन्ने विधान हिन्दू धर्मशास्त्रहरूमा छ । अझै रमाइलो कुरा त के छ भने नारीवादीहरूले बेलाबखत आलोचना गरिरहने 'मनुस्मृति' मा यस्तो विधान छ । तर सामन्ती राज्यसत्ताका क्रममा जसरी 'पतिब्रता धर्म' को महिमा गाइयो, त्यो भन्दा चर्कोसँग 'पत्नीब्रता धर्म' लाई लुकाएको पाइन्छ ।
भगवान् श्रीकृष्णको जीवन अध्ययन गर्ने हो भने उहाँले केवल एउटा प्रसङ्गमा मात्रै आफूलाई आलोचना गर्नुभएको छ, अहिलेको राजनीतिक शब्दवलीमा भन्नुपर्दा 'आत्मालोचना' ! यो लेखले पक्रन खोजेको कुरोको चुरो पनि त्यही छ । राजा युधिष्ठिरको चक्रवर्ती सम्राट हुने इच्छा साकार पार्न रणभेरी बजाउँदै हिंडेको अर्जुनलाई युद्धमा सघाउने क्रममा श्रीकृष्णले यस सम्बन्धमा चर्चा गर्नुभएको छ । 'हे अर्जुन ! एक पत्नीब्रता ठूलो ब्रत हो, जसलाई न मैले पालन गर्न सकें, न त तिमीले । भगवान् श्रीराम यस धर्मका अनुपालक हुनुहुन्थ्यो । आदि(इत्यादी भन्दै भगवान् श्रीकृष्णले 'आत्मालोचना' गर्नुभएको छ । (विस्तृत ज्ञानका निमित्त हेर्नु : गर्गसंहिता) त्यही एक पत्नीब्रतको पालना नगरेको हुँदा भगवान् श्रीकृष्णलाई संसारका साराका सारा असल विशेषणहरू लगाइए तापनि 'मर्यादापुरुषोत्तम' चाहिं भनिंदैन । 'मर्यादापुरुषोत्तम' को संज्ञा भगवान्( श्रीरामलाई मात्र प्राप्त छ । हामी देख्छौं कि श्रीराम साँच्चै नै पत्नीब्रता पति' हुनुहुन्थ्यो । त्यही संस्कार नै हाम्रो निम्ति आदर्श संस्कार हो ।
'सखे सप्तपदा भव सख्यं ते गमेयम् । सख्यं ते मा योषाः (छिन्दन्तु) सख्याते मायोष्ठाः (सुखकारणः) ॥' भन्दै प्रतिज्ञा गरिएको हुन्छ हिन्दू विवाहमा । जसको भावार्थ हुन्छ कि ( प्रिय ! विवाहित जीवनको सात उद्देश्य प्राप्त गर्नमा तिमी मेरो साथ रहुँ म तिम्रो सखा बन्ने वचन दिन्छु, हाम्रो मिलनलाई कोही अर्की स्त्रीले भङ्ग गर्न सक्नेछैन । (एकभन्दा बढी विवाह गरेर सौता हाल्ने काम हुनेछैन, एक पत्नीब्रतको पालना हुनेछ( जसरी कि स्त्रीको पति एउटै मात्र हुनुपर्छ त्यसरी नै पुरुषकी पत्नी पनि एउटै मात्र हुनुपर्छ । र, हाम्रो प्रेम सकल सुखहरूको स्रोत हुनेछ ।
हामीले सम्झनुपर्ने श्लोक यो पनि हो
( देववत् सततं साहनी भर्तारमनुपश्यति ।
दम्पत्योरेष नै धर्म : सहधर्मकृत : शुभः ॥ (मनुस्मृति)
अर्थात् जसरी पत्नी आफ्नो पतिलाई देवतुल्य सम्झिन्छिन् त्यसरी नै पतिले पनि आफ्नी पत्नीलाई त्यही दृष्टिले हेर्नुपर्छ ( देवीतुल्य सम्झनुपर्छ), दम्पतीको एकै धर्म हो, सहचारिता दुवैको लागि आवश्यक छ । (एउटाले नियम पालन गर्ने अर्काको

नगर्ने भन्ने कुरा नमिल्दो देखिन्छ, नियम त दुवैलाई लाग्नुपर्छ ।)
एड्सजस्ता यौनजन्य रोगहरूको जगजगी भएको वर्तमान परिप्रेक्ष्यमा 'एक पतिव्रत' र एक पत्नीव्रत' को महत्व ठूलो छ । यौनजन्य रोगहरूको अप्रसार, नियन्त्रण तथा समाप्तिका निमित्त यही सर्वोत्तम विकल्प हो ।
जब नारी र पुरुषहरूलाई एउटै सिक्काका दुई पाटा भनिन्छ, एकैरथका दुई पांग्रा मानिन्छ भने पत्नीले पतिलाई परमेश्वर मान्ने तर पतिले चाहिं पत्नीलाई 'दासी' सम्झने( यो त न्यायोचित हुँदैन । तसर्थ मनुले मनुस्मृतिमा सहअस्तित्वलाई जोड दिएका छन् । जब सहअस्तित्वको कुरा आउँछ, तब सहधर्मिता अवश्य हुन्छ, हुनुपर्छ । यसका निम्ति पुरुषहरूले पनि आफूलाई बदल्नुपर्छ । यो हाम्रो 'सांस्कृतिक पुनर्जागरण' को द्योतक पनि हो । हामी पुरुषहरूले एक पत्नीव्रतलाई अनौठो मान्नुपर्ने कुनै कारण छैन । हाम्रा पुर्खाहरूले हामीलाई अर्ती दिएर गएका छन् ।
"भार्या पत्युर्व्रते कुर्याद् भायायाश्च पतिर्व्रतम् (मनुस्मृति) अर्थात् : पत्नी पतिव्रता होओस् र पति पत्नीव्रता ।

**महिला स्वयंसेविकाको प्रेरणा**

स्वस्तिका भट्टराई

एक बाईस वर्षीया महिलाले दुईवटा बच्चालाई सजिलै जन्म दिइन् । तर जब उनले तेस्रो बच्चालाई जन्म दिइन् उनको साल निस्केन, घरमै सुत्केरी भएकी ती महिलाको साल कोदालो बाँधेर निकाल्ने प्रयास गरियो तर निस्केन, इन्फेक्सन भयो । त्यो कुरा उनीहरूले अरूलाई बताएनन्, अन्तिम अवस्थामा उनलाई तानसेन अस्पताल लान खोजियो तर उनको बाटैमा मृत्यु भयो ।
घरमै सुँडेनीको सहयोगले बच्चालाई जन्म दिएपछि साल निकाल्दा धेरै नै रगत गएर ४५ वर्षीया एक महिलाको मृत्यु भयो ।
यी घटनाहरू आफ्नो गाउँ र छिमेकी गाउँहरूमा देखेर मर्माहत बनेकी पाल्पा पालुङ्ग( ८ की रत्नकुमारी कुँवरलाई साह्रै चित्त दुख्यो । गाउँमा केही गरौं भन्ने भावना जाग्यो । उनको त्यो इच्छालाई साकार पार्न १३ वर्षअगाडि जब जनस्वास्थ्य कर्मचारीहरू वडा(वडामा आएर महिला स्वयंसेविका तालिमको लागि छनोट गरे तब रत्नकुमारीको पनि खुशीको सीमा रहेन । प्रौढकक्षाबाट केही लेखपढ गर्न जानेकी रत्नकुमारीले तालिम लिइन् र गाउँले महिलाहरूलाई सहयोग गर्न थालिन् ।
गर्भवती महिला तथा शिशुको स्याहार, खोप लगाउन लग्ने, स्वास्थ्य जाँच गर्ने, पढाउन प्रेरित गर्ने काम महिला स्वास्थ्य स्वयंसेविकाको गर्दै आएका छन् । पहिले खोप भन्ने थाहा नै नपाएकी रत्नकुमारी भन्छिन्( खोप हामीले लगाएनौं, थाहा पनि थिएन तर अहिले यस गाउँमा खोप नलगाएका बच्चा नै छैनन् ।
आफूले महिला स्वयंसेविका भएर काम गर्न थालेपछि गाउँमा केही परिवर्तन ल्याउन सहयोग गरे पनि गाउँलेहरूको चेतनाको स्तर ज्यादै कम भएको उनी महसुस गर्छिन् । उनले तालिम लिनुअघि उक्त गाउँमा सयजना महिलामा सुत्केरी हुँदा ८ जना मर्थे । ४५ वर्षीया महिलाको साल निकाल्दा धेरै रगत गएर मृत्यु भएको, २२ वर्षीया महिलाको पनि साल ननिस्केर मृत्यु भएको घटनाहरू गाउँमा घटिरहन्थे । ५ दिनसम्म बेथा लाग्दा पनि महिलाहरू घरमै सहेर बस्थे, स्वास्थ्यचौकी वा अस्पताल जाँदैनथे तर अहिले त्यस्तो अवस्थामा अलिकति परिवर्तन आएको उनी बताउँछिन् । कहिलेकाहीं गाह्रोसाह्रो पर्‍यो भने गाउँलेहरू उनलाई बोलाउन आइपुग्छन् ।
एकातिर आफ्नो घरगृहस्थी खेतीपातीको काम छ भने अर्कोतिर समाजप्रति महिला तथा शिशु स्वास्थ्यप्रति उनको दायित्व छ । जतिबेला पनि कहाँबाट को आउँछ, कसलाई सहयोग गर्नुपर्छ भनेर उनी तत्पर भइरहनुपर्ने बताउँछिन् ।
तर शिक्षाको अभावमा गाउँलेहरूमा अझै चेतना आई नसकेकोमा उनी गुनासो गर्छिन् । यति गर्दागर्दै पनि गाउँमा कहिलेकाहीं बैठक बसौं, आफूले जानेको कुरा छलफल गरौंभन्दा गाउँलेहरू काम गरे खान पाइन्छ बैठक बसेर के पाइन्छ भन्छन् ।
गाउँलेहरूमा चेतना नपुगेको कारण सेवा पुर्‍याउन नसकिएको र सेवा पुर्‍याउँदा(पुर्‍याउँदै पनि गाउँलेले नबुझेकोमा उनी दुःखी हुन्छिन् ।
अझ गाउँलेहरूलाई परिवार नियोजन तथा जन्मान्तरको कुरा बुझाउन ज्यादै समस्या परेको छ । परिवार नियोजन गर्न नमान्ने, फलानीले भनेर परिवार नियोजन गर्ने हैन हामीले परिवार नियोजन गरे कमजोर हुन्छौं तर स्वयंसेविकाले यसवापत पैसा पाउँछन् भन्ने धारणाले गर्दा महिलाहरूले सात(आठवटासम्म बच्चालाई जन्म दिइरहन्छन् ।
एउटी २२ वर्षकी मगर महिलालाई सम्झाएर परिवार नियोजन गर्न लगाएपछि उसमा आएको परिवर्तनले अरू महिलाहरू पनि केही प्रभावित भएको उनी बताउँछिन् ।
माया लम्तरीको १५ वर्षकै उमेरमा विवाह भयो । विवाह गर्नेबित्तिकै गर्भवती बन्न पुगेकी मायाले २१ वर्ष पुग्दा उनी ६ वटा बच्चाको आमा बन्न पुगेकी थिइन् । २१(२२ वर्षकै उमेरमा उनी ज्यादै कमजोर थिइन्, काम गर्न नसक्ने थिइन् । उनलाई रगतको कमी थियो । न त घरमा प्रशस्त अन्न थियो, भएको थोरै खेतबारीमा पनि हरेक वर्ष वर्षायाममै सुत्केरी हुँदा केही काम गर्न सक्दिनथिइन् । घरमा गरेर खान नपुग्ने भएपछि मायाका श्रीमान् खोटो संकलन गर्ने काममा ६ महिना गाउँबाहिर जान्थे । कमाएर ल्याउँथे र त्यसैबाट गुजारा गर्थे । घरमा मायाले अरू बालबच्चालाई स्याहार्ने कि काम गर्ने ? अन्योलमा थिइन् ।
त्यसमाथि वर्षैपिच्छे बच्चा जन्माउँदा(जन्माउँदा हैरान भएकी मायालाई मर्नु न बाँच्नु भएको थियो ।
रत्नकुमारीले मायालाई धेरै सम्झाएर परिवार नियोजन गर्न लगाइन् । वर्षैपिच्छे बच्चा जन्माउनु नपरेपछि मायाको स्वास्थ्यमा सुधार आयो । उनले राम्ररी आफ्नो बालबच्चा र पाखोबारीमा पनि ध्यान दिन थालिन् । जसले गर्दा अरू महिलाहरूमा पनि परिवार नियोजनप्रति केही झुकाव बढ्न गएको कुरा रत्नकुमारी बताउँछिन् ।
निःशुल्क रूपमा जतिबेला पनि सेवा पुर्‍याउनुपर्ने महिला स्वास्थ्य स्वयंसेविकाले निल्न लागेको गाँस र मस्त निद्रा पनि छोडेर दौडिनुपर्छ तर पनि एकजनाको ज्यान बचाउँदा पनि खुसी लाग्ने बताउने रत्नकुमारी गाउँलेहरूको मानसिकतामा परिवर्तन गर्न निकै संघर्ष गर्नुपर्ने बताउँछिन् ।

**तरकारीले पौरखीलाई उँभो लगाउँछ**

अनन्तप्रसाद वाग्ले

अर्काको जमिन भाडामा लिएर बेमौसमी तरकारी खेती गरेर देवभूमि बालुवाकी उमा दनुवारले दुई वर्षभित्रमा डेढ लाख रुपैयाँ आम्दानी गरिन् । अहिले उनी आफ्नै कमाइले रु. ८५ हजारमा किनेको २ रोपनी ७ आना जग्गामा बेमौसमी तरकारीको खेती गर्छिन् र प्रत्येक वर्ष खर्च कटाएर ३०(४० हजार रुपैयाँ बचत गर्छिन् ।

शुरुमा एक रोपनी जमिनबाट तरकारी खेती शुरु गरेकी सूर्यमाया दनुवारले पनि ३ रोपनी १० आना जमिन आफ्नो कमाइले जोडिसकेकी छिन् र अहिले उनी ७ रोपनी जमिनमा तरकारी खेती गर्छिन् । वार्षिक ८०(९० हजार रुपैयाँ बचत हुने गरेको बताउने सूर्यमाया यतिखेर ट्र्याक्टर किन्ने सोचाइमा छिन् ।

जाँडरक्सी खाने, ज्याला गर्ने र सयकडा ३६ प्रतिशत ब्याज तिरेर जीवनमा गुजारा गर्ने देवभूमिका दनुवारहरू महिलाको सक्रिय र सिप्रेडको सहयोगमा गरिएको तरकारी खेती र यसबाट भएको आर्थिक उन्नति देखेर दङ्ग पर्न थालेका छन् । देवभूमि मात्र हैन २०५३ सालदेखि वातावरण तथा कृषि नीति अनुसन्धान प्रसार एवं विकास केन्द्र (सिप्रेड) ले बेमौसमी तरकारी खेती गर्न सहयोग र प्रोत्साहन प्रदान गरेपछि सम्पूर्ण पाँचखाल भेगका किसान परिवारमा सन्तुष्टिको लहर नै ल्याएको छ । यसअगाडि आलु र गोलभेंडाको मौसमी खेती गर्दै आएका त्यस भेगका किसानहरूलाई बेमौसमी तरकारी खेतीले दोब्बर बढ्ता आम्दानी दिलाएको छ ।

सिप्रेडले यस भेगका निम्नपरिवारका किसानहरूको वार्षिक आम्दानी १० देखि १५ हजारसम्म पुऱ्याउने लक्ष्य लिएको भए तापनि ४०(५० हजारदेखि ३(४ लाखसम्म आय विस्तार गर्न कृषकहरू सफल भएको र यसमा महिलाहरूको विशेष सक्रियता रहेको कुरा सिप्रेडका अध्यक्ष डा. हरिकृष्ण उपाध्याय बताउनुहुन्छ ।

सिप्रेडको प्राविधिक सल्लाह र उचित निरीक्षकपश्चात् पाँचखाल क्षेत्रमा उत्पादन गरिने तरकारीहरूमा फर्सी, भेंडेखोसार्न, पिरोखोर्सानी, सिमी, बोडी, मूला, काउली गोलभेंडा, तरबुजा, बन्दा, काँक्रो आदि छन् । विशेषतः ग्रामीण महिलाहरूलाई समूहमा आवद्ध गरी सरकारी संस्थामा परिणत गर्ने लक्ष्य लिएको सिप्रेडले सहकारी संचालन गर्न घुम्ती कोषको रूपमा केही रकम प्रदान गर्दै आएको छ ।

“सिप्रेडले कृषि पाठशालाको स्थापना गरिदिएको छ । हप्ताको तीनपटक कृषक पाठशाला जाने गर्छौं । बेमौसमी तरकारीले हाम्रो स्थितिमा निकै परिवर्तन ल्याइदिएको छ । ग्रामीण महिलाहरूले विगतमा जस्तै पुरुषहरूको मुख ताक्नुपर्ने अवस्था छैन ।” कुन्ताबेंसीकी सुशीला सापकोटा बताउँछिन् ।

मानिसले विज्ञान र सूचना प्रविधिको जतिसुकै विकास गरे तापनि ‘कम्प्युटर चिप्स’ खान मिल्दैन र इन्टरनेटले उसको पेट भरिन्न । जीविकाको लागि त माटो उत्पादित अन्न, सागपात र फलफूलकै आवश्यकता पर्दछ । बढ्दो जनसंख्यालाई धान्न सीमित जमिनबाटै अधिकतम उत्पादन गर्न सक्नुपर्दछ ।

नेपालजस्तो कृषिप्रधान देशको सन्दर्भमा त अर्थतन्त्र र जनजीविकाको मूल आधार पनि कृषि उत्पादन नै हो । अतः पाँचखाल क्षेत्रका महिलाहरूबाट देशका सबै कृषक महिलाहरूले सिक्न सक्नुपर्दछ । नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद् एवं ‘कृषक आवाज’ मासिकका सम्पादक रामबाबु महत महिला कृषकहरूले आफ्ना छोराछोरीको अध्ययनतर्फ पनि विशेष ध्यान दिन थालेको बताउनुहुन्छ । ‘संस्थाका प्राविधिकहरू हप्ताको तीन(चारपटकसम्म किसानको खेतबारीमा गएर प्रत्यक्ष निगरानी गर्ने भएकोले कहिल्यै जेटीए नदेखेका किसानहरू दङ्ग छन्’( महत बताउनुहुन्छ ।

सिप्रेड नेपालले अरनिको राजमार्ग आसपासका काभ्रेका २६ गाविस, बनेपा तथा धुलिखेल नगरपालिका र खाडीचौर ( सिन्धुपाल्चोक) तथा लामाटार (ललितपुर) समेतमा बेमौसमी तरकारी खेतीको लागि किसानहरूलाई प्रोत्साहन र प्राविधिक सल्लाह प्रदान गर्दै आइरहेको छ ।

तरकारी बेच्न पाँचखालका किसानहरूलाई बनेपा, भक्तपुर र काठमाडौं आउनुपर्ने बाध्यता पनि अब हट्ने भएको छ किनकि तरकारी संकलन केन्द्रको भवन निर्माणमा पनि महिलाहरू नै अघि सरेका छन् । सिप्रेडको आर्थिक सहयोगमा निर्माण हुने उक्त भवनको लागि महिलाहरूले जनश्रमदान जुटाउने निर्णय गरिसकेको कुरा राम्चे बेमौसमी ताजा तरकारी उत्पादन समूहकी अम्बिका सापकोटा बताउनुहुन्छ । जैसीथोकका महिलाहरूले केन्द्रसम्म आइपुग्ने १.५ किमि बाटोसमेत जनश्रमदानबाट निर्माण गरिसकेका छन् ।

आयआर्जन र रोजगारीको सवालमा पुरुषहरूमा भन्दा पनि महिलाहरूमा बढी समस्या रहेको स्थितिमा यस क्षेत्रका महिलाहरूले बेमौसमी तरकारी खेतीप्रति देखाएको उत्साह र यसबाट प्राप्त आर्थिक उन्नतिलाई प्रशंसनीय कार्य मान्नुपर्दछ । यसले परिवारलाई आत्मनिर्भर बनाउनुका साथै महिला सशक्तीकरण र दिगो विकासको माहौलमा नै टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ । डा. उपाध्यायले भनेजस्तै सामाजिक परिचालन, क्षमता विकास र संस्थागत विकासबाट नै समाजको समग्र विकास सम्भव छ । यस दृष्टिले ग्रामीण महिलाहरूको जीवनस्तर तथा चेतनास्तर उकास्नमा समूहगत र संगठित रूपमा सिप्रेडको सहयोगमा भएको महिलाहरूको यो आर्थिक क्रान्तिलाई सकारात्मक र उपलब्धिमूलक मान्नुपर्दछ ।

महिला तथा कृषिसँग सम्बद्ध हरेक समूह, संस्था र समुदायले यसको अनुकरण गर्न सकेमा समृद्ध नेपालको निर्माणमा सघाउ पुग्ने विश्वास गर्न सकिन्छ । नीति(निर्माता तथा सम्बद्ध जिम्मेवार निकायहरूले यस्ता सफल अभियानहरूलाई व्यापक रूपमा प्रचार तथा प्रयोगमा ल्याउनु आवश्यक छ ।

**महिलामाथि हुने यौनजन्य अपराध**

विष्णु घिमिरे

सिन्धुपाल्चोक जिल्ला घोरथाली गाउँ विकास समिति वडा नं. ९ बस्ने डम्बरबहादुर धामीले १९ वर्षकी छोरी साइली धामीलाई गत ०५५ साउन २८ गते मारेको घटनाका सम्बन्धमा प्रहरीले अनुसन्धान गर्दै जाँदा निज बाबु डम्बरबहादुरले छोरीलाई विवाह गरी दिएपछि घरमा नपठाई आफैसँग राखी यौनसम्बन्ध राख्दै आइरहेको र छोरी गर्भवती भएपछि आफ्नो बद्नाम हुने डरले आफैले छोरीलाई खुकुरी र बन्चरोले हानी कर्तव्य गरी मारेको र प्रहरीले पक्राउ गरी अदालतमा पेश गर्दा पुर्पक्षका लागि थुनामा परेको जिप्रका सिन्धुपाल्चोकका प्रहरी नायव उपरीक्षक रणबहादुर चन्दले जानकारी दिनुभयो ।

विश्वको एक मात्र हिन्दू राष्ट्र नेपालमा छोरीलाई एउटा कन्याको रूपमा पुजेर बाबुले छोरीको गोडामा ढोग्नेसमेत चलन छ । यस्तो देशमा बाबुद्वारा छोरी बलात्कार भएको समाचार सुन्दा हत्तपत्त पत्याउन सकिँदैन तापनि यस्ता नरपिशाच बाबुहरू राम्रै समाजमा छन् जसले आफैंले जन्माएकी छोरीलाई आफैले करणी गरी गर्भवती बनाउँछन् । आफ्नो बद्नाम हुने डरले हत्या गर्नसमेत पछि पर्दैनन् । यस्तो स्थितिमा हुर्केकी छोरी घरबाहिरका यौनपिपासुहरूका अलावा घरभित्रैका आफ्नै अभिभावकहरूसँग पनि सतर्क हुनुपर्ने स्थिति आएको कुरा डीएसपी रणबहादुर चन्द बताउनुहुन्छ ।

त्यसो त तीन वर्षका बालिकाहरू बलात्कार भएका समाचारहरू पनि अहिले छापाहरूमा आउने गरेका छन् । यस्तो घटनाले जोकोहीको मनमा पनि आफ्ना साना छोरीहरूको कारणले त्रास उत्पन्न हुने गरेको छ । स्कूल पढ्न गएका साना बालिकाहरूसमेत अपहरण भई बलात्कृत भएका घटनाले अर्को त्रासपूर्ण वातावरण पैदा भएको छ ।

महिलाविरुद्ध हुने कुनै पनि घटना जसले महिला मात्रलाई शारीरिक तथा मानसिक रूपमा असर वा क्षति पुऱ्याउँछ भने त्यसलाई महिलाविरुद्ध हुने अपराध भनिन्छ भन्दै प्रहरी महिला सेलकी डीएसपी पार्वती थापा भन्नुहुन्छ( एउटा महिला भएको कारण उनीहरूलाई लक्षित गरेर घट्ने बलात्कार र जीउ मास्नेबेच्ने आदि अपराध केवल महिलाविरुद्ध नै हुन्छन् । यसरी महिलालाई लक्षित बनाएर घट्ने गरेका घटनाका सम्बन्धमा अत्यन्त संवेदनशील भएर अनुसन्धान गर्नु र अनुसन्धान कार्यमा सहयोग पुऱ्याउनु एक जिम्मेवार प्रहरी र नागरिकको दायित्व हो ।

विगत तीन वर्षको करणीको तथ्याङ्कलाई हेर्दा यो अपराध झन् गम्भीर रूपमा देखिएको छ । ०५३।५४ मा ११२, ०५४।५५ मा १८१ र ०५५।५६ मा १४९ जना अपराधीहरू करणी गरेवापत पक्राउ गरेको अपराध अनुसन्धान विभागले जानकारी दिएको छ । सो विभागका अनुसार उमेरको दृष्टिकोणले हेर्दा ०५३।०५४ मा १३ वर्षसम्म ५६, १४ देखि १८ सम्म २४, १९ देखि ३० सम्मका २४ र ३१ वर्षभन्दामाथिका ८ जना महिलाहरू पीडित बन्न पुगेका छन् भने ०५४।०५५ मा १३ वर्षसम्मका ६९, १४ देखि १८ सम्मका ५१, १९ देखि ३० सम्मका ४५ र ३१ वर्षभन्दामाथिका १६ जना महिलाहरू पीडित बन्न पुगे । त्यसैगरी ०५५।०५६ मा १३ वर्षसम्मका २, १४ देखि १८ वर्षसम्मका ३९, १९ देखि ३० वर्षसम्मका २२ र ३१ वर्षमाथिका ६ जना महिलाहरू बलात्कृत भएका छन् ।

जातको आधारमा हेर्दा ०५३/०५४ मा बाहुन १९, क्षेत्री २२, मतवाली ४०, नेपाली २५, थारू ६, मधिसे ८ र मुस्लिम १ महिला बलात्कृत हुन पुगे भने ०५४/०५५ बाहुन ३२, क्षेत्री ३२, मतवाली ५७, नेपाली १९, थारू १५, मधिसे २५ र मुस्लिम १ महिला यो अपराधमा पीडित भएको अपराध अनुसन्धान विभागले जानकारी दिएको छ । साथै ०५५।०५६ मा बाहुन ४०, क्षेत्री ४०, मतवाली २९, नेपाली २०, थारू ७, मधिसे १३ महिला बलात्कृत भएका छन् । पेशाका आधारमा हेर्दा ०५३।०५४ मा कृषिका ७५, विद्यार्थी २०, कर्मचारी ३, व्यापारी २ र मजदुरी १२ जना महिलाहरू बलात्कृत भए भने ०५४।०५५ मा कृषिका १३२, विद्यार्थी १२, व्यापारी १७ र मजदुरी गर्ने १९ जना महिला पीडित बन्न पुगे । त्यसैगरी ०५५।०५६ मा कृषिका ९७, विद्यार्थी २७, कर्मचारी ८, व्यापारी ७ र मजदुरी गर्ने ८ जना महिलाहरू बलात्कृत हुन पुगे ।

यी तथ्याङ्कबाट के प्रष्ट देखिन्छ भने करणीसम्बन्धी अपराध नेपालमा बढ्दै गएको र अपराधीहरूले बालिकादेखि अधवैंसे महिलाहरूलाई समेत पीडित बनाएको छ ।

यौन समस्याको अर्को विकराल पक्ष भने हाडनाता करणी पनि रहेको छ । सोच्नै नसकिने, कल्पना गर्न नसकिने र पत्याउनसमेत गाह्रो हुने घटनाहरू हाडनाता करणीमा हुने गरेको छ । यस्ता घटनाहरू सुन्दा त लाग्छ मानिस र पशुमा अब केही फरक छैन । घर नै घर रहेन, आफन्त नै आफन्त हुन सकेनन् र मानिस सामाजिक संरचनामा बाँधिएन भने अब छाडापनबाहेक यहाँ केही रहँदैन( लमजुङका शिक्षक जीवन घिमिरे बताउनुहुन्छ ।

ससुराद्वारा यौन सम्बन्ध राख्न नदिएको कारण बुहारीको हत्या गरिएको समाचार हाम्रो समाजमा अझै पत्याउन गाह्रो हुन्छ । तर महोत्तरी जिल्लाको गौशाला गाउँ विकास समिति ६ रजखोर बस्ने १४ वर्षे सीता (नाम परिवर्तन गरिएको) लाई उनकै ५५ वर्षे ससुरा सीताशरण यादवले यौनसम्बन्ध राख्न नदिएको रिसमा निर्ममतापूर्वक हत्या गरेका छन् । सीताका श्रीमान् १९ वर्षे राजकिशोर यादव भन्दछन्( तेरी श्रीमती सानै छ सँगै सुत्नुहुँदैन भनेर बाबुले मलाई आफैसँग सुताउँथे । श्रीमती छुट्टै सुत्थिन् । म निदाएपछि बाबु बुहारीसँग अनुचित सम्बन्ध राख्न जाँदारहेछन् र उनले नदिएपछि हत्या गरेकारहेछन । मृतक सीताको अनुहारभरि नै धारिलो हतियार प्रयोग गरिएको देख्दा पिशाच

ससुराले बुहारीसँग अनुचित सम्बन्ध राख्न धेरै कोसिस गरेका र नपाएको रिस हतियारमार्फत् पोखेका थिए ।

ससुराद्वारा बुहारी बलात्कार गरेका घटनाहरू एकातिर छन् भने अर्कातिर बाबुले आफैले जन्माएकी छोरीलाई समेत बलात्कार गर्न बाँकी छोडेका छैनन् । बर्दिया जिल्लाको गुलरिया नगरपालिका ६ भतियाटोल बस्ने ३८ वर्षको पूर्णबहादुर कामीले घरमा सुतिरहेकी आफ्नी छोरीलाई बलात्कार गरेको छ । प्रहरीका अनुसार पूर्णबहादुर कामीले मादक पदार्थको अत्यधिक सेवन गरी घरमा आई सुतिरहेकी छोरीलाई बलात्कार गरेको थियो । डीएसपी राजेन्द्रसिंह भन्छन्( घटना घटेको थाहा पाउनेबित्तिकै हामी घटनास्थल गई पीडितको स्वास्थ्य परीक्षण गर्न लाग्यौं । स्वास्थ्य परीक्षणमा पनि बलात्कार भएको प्रमाणित भएको छ ।

अपराधीलाई पक्राउ गरी आवश्यक कारबाही भइरहेको छ । यस्ता घटनाले हाम्रो समाजमा सामाजिक अपराध त्यसमा पनि विशेष गरेर यौनजन्य अपराधहरू बढेको कुरा प्रष्ट हुन्छ । वीरेन्द्र क्याम्पस भरतपुरमा अध्ययनरत रही यौनजन्य अपराधको विषयमा अनुसन्धान गर्दै रहेकी सिल्पा सिंह भन्छिन्( यसको पछाडि विकृत मनस्थिति र महिलामाथि हुने यौनजन्य हिंसालाई हलुका रूपले हेरिने प्रवृत्ति नै हो । ककक महिला लेखमाला/संचारिका समूह नेपाल जहाँ पुरुषभन्दा महिला सक्रिय छन